मधेश प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

महोत्तरी, नेपाल

**Email:** akcmahottari@gmail.com
**Website:** akcmahottari.p2.gov.np
**Phone:** 044520495, 9854032245

## कृषि बजार पूर्वाधार विकास कार्यक्रमको खामबन्दी प्रस्ताव आवहान सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०८०/१०/२६

यस कृषि ज्ञान केन्द्र महोत्तरीको आ.व. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि बजार पूर्वाधार विकास कार्यक्रम संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका इच्छुक कृषक समूह, कृषि सहकारी, उपभोक्ता समिति, बजार संचालक समितिहरुले आवश्यक नक्शा, डिजाईन, लागत अनुमान र माग भएका अन्य कागजात सहित यो सूचना प्रथम पटक प्रकाशित मितिले **१५औं दिन** (२०८०/११/११ गते) कार्यालय समय भित्र यस कार्यालयमा खामबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। अनुदान रकम **कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६** अनुसार कायम हुनेछ । **कृषि बजार पूर्वाधार विकास कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८०** अनुसूची-२ को ढाँचामा आवेदन फारम पेश गर्नुपर्नेछ । उक्त फारम तथा स्वीकृत कार्यविधि यस कार्यालयको वेवसाइट akcmahottari.p2.gov.np मा राखिएको छ। बिस्तृत जानकारीको लागि अधिकृत छैठौं श्री जय नारायण मंडल, ९८६०७४९०३४ लाई सम्पर्क गर्न सकिनेछ।

**कार्यक्रमको नाम:**

१) कृषि बजार पूर्वाधार विकास कार्यक्रम
२) प्रत्येक जिल्लाहरुमा एकिकृत बजार व्यवस्थापन कार्यक्रम
३) सोनमा २ रघुनाथपुरमा कृषि सेड निर्माण
४) मनरा सिस्वा न.पा. ६ झोलुङ्गे पुलबजारमा बजार सेड निर्माण
५) रामगोपालपुर न.पा. ५पोखरीको डिलमा भएको बजारमा सेड निर्माण

नोट: ३,४,५ मा उल्लेखित कार्यक्रमको हकमा सोहि ठाँउको संचालक समिति/उपभोक्ता समिति/कृषक समूह/कृषि सहकारीले प्रस्ताव पेश गर्नु पर्नेछ ।

**मापदण्ड तथा शर्तहरु:**

क. प्रस्तावित पूर्वाधार निर्माणको लागि उपर्युक्त हुने जग्गा एकिन भएको हुनुपर्ने ।
ख. प्रस्तावित जग्गामा बाटो, ढल निकास, पानी तथा बिजुली जस्ता आवश्यक पूर्वाधार सुविधा पुगेको हुनुपर्ने ।
ग. निर्माण हुने संरचना अनुसार अनुसूची १ बमोजिम आवश्यक न्यूनतम क्षेत्रफल हुनुपर्ने ।

| क स | कृषि बजार पूर्वाधारको प्रकार | न्यूनतम क्षेत्रफल | आवश्यक संरचनाहरु |
|---|---|---|---|
| १ | कृषि उपज संकलन केन्द्र / कृषि हाट बजार | १ कठा | भण्डारण सुविधा, बजार सेड, शौचालय, खानेपानी |
| २ | कृषि हाट बजार (संकलन केन्द्र सहितको) | ३ कठा | बजार सेड, बजार सूचना केन्द्र, कार्यालय, शौचालय, खानेपानी, भण्डारण सुविधा |
| ३ | प्रादेशिक कृषि बजार/ थोक बजार | १० कठा | भण्डारण घर, बजार सेड, एप्रोच सडक,बजार सूचना केन्द्र,कार्यालय,शौचालय, घेराबेरा, खानेपानी, फोहोरमैला व्यवस्थापन सम्बन्धी संरचना |

मनिष कुमार पाल
निमित्त प्रमुख

आवश्यक कागजातहरु:

१. रु.१० को टिकट टाँस गरेको तथा माग गरेको कृषि बजार पूर्वाधारको प्रकार प्रष्ट खुलेको अनुदान माँग गर्ने सम्बन्धी निवेदन।

२. आयोजना प्रस्ताव (अनुसूची-२ बमोजिमको ढाँचामा) ।

३. आयोजनाको स्थलको नक्शा र फोटो ।

४. निजि जग्गाको हकमा आयोजना स्थलको लालपूर्जाको प्रतिलिपी तथा संधियारहरुको स्वीकृतिनामा समेत।

४. आयोजनाको डिजाईन, प्राविधिकबाट तयार गरेको लागत अनुमान तथा साझेदारी अंश (न्युनतम १५%) र श्रोत खुलाउनु पर्ने।

५. उपभोक्ता समिति/बजार संचालक समितिको हकमा योजनाका लाभग्राहीको आमभेलाले नियमानुसार संचालक/उपभोक्ता समिति र आन्तरिक अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपी, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, तिन पुस्ते बिवरण र फोटो तथा सम्बन्धित स्थानियतहबाट सो उपभोक्ता समिति प्रमाणिकरण भएको हुनुपर्ने ।

६. कृषि उत्पादनमा संलग्न कृषक समूह/फर्म/उद्यमी/बजार संचालक समितिको हकमा दर्ता/नविकरण गर्नु पर्ने भए सोको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर लिएको प्रमाणपत्रको प्रतिलिपी, करचुक्ता प्रमाण, आवेदन दर्ता गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र ।

७. संचालक समिति/उपभोक्ता समिति/कृषक समूह/कृषि सहकारी/फर्म/उद्यमी/कम्पनीको हकमा अनुदान माँग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि ।

८. प्रस्तावित जग्गा/किता न. मा बजार सेड निर्माण गर्न स्वीकृत दिईएको व्यहोरा खुलेको सम्बन्धित स्थानीय तह र वडा दुबैको सिफारिस पत्र ।

आवश्यकता अनुसार कार्यालयले आवश्यक ठानेको अन्य कागजातहरुछनौट तथा सम्झौताको चरणमा माग गरेमा आवेदकले पेश गर्नु पर्ने छ । प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सूचनासँग सम्बन्धित सम्पूर्ण अधिकार यस कृषि ज्ञान केन्द्र, महोत्तरीमा सुरक्षित रहनेछ ।

मनिष कुमार पाल
निमित्त प्रमुख